चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

मिति :- २०८१/०१/२७ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ३२ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प वादी | नगर प्रमुख | [signature] |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | [signature] |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | [signature] |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | [signature] |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | [signature] |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | [signature] |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | [signature] |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | [signature] |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | [signature] |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | [signature] |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | [signature] |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | [signature] |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | [signature] |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | [signature] |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | [signature] |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | [signature] |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | [signature] |

शेर प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८१/०१/२७ गतेको नगर कार्यपालिकाको ३२ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) का लागि आशयपत्र पेस गर्ने सम्बन्धी प्रस्ताव | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि कार्यान्वयन गर्ने प्रतिवद्धतासहित आशयपत्र पेस गर्ने। | |
| ४ | गुनासो सुनुवाइ कार्यविधि पारित गर्ने सम्बन्धी प्रस्ताव | गर्न विधायन समितिले पेस गरेको चौरजहारी नगरपालिकाको गुनासो सुनुवाइ कार्यविधि, २०८१ पारित गरी चौरजहारी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने । | |
| ५ | मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०८१ पारित गर्ने सम्बन्धी प्रस्ताव | विधायन समितिबाट पेस हुन आएको चौरजहारीको मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०८१ लाई दफावार छलफल गरी पारित गरी चौरजहारी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने। | |
| ६ | योजना माग गर्ने सम्बन्धी प्रस्ताव | बजेट अभावका कारण कार्यान्वयन गर्न नसकिएका **अनुसूची – १** बमोजिमका योजनाहरू कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसहित सम्बन्धित मन्त्रालयहरूमा बजेट माग गर्ने। | |
| ७ | स्थानीय आर्थिक विकास संवाद समिति गठन सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकामा आर्थिक विकासको प्रवर्धनको लागि स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को दफा १४ बमोजिम चौरजहारी नगरपालिका स्तरीय आर्थिक विकास संवाद समिति गठन गर्ने। | |
| ८ | विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्ताव | १. आगलागीबाट क्षतिपूर्तिका लागि यस नगरपालिकामा पेस हुन आएका खानेपानी, सिंचाइलगायत अन्य पूर्वाधारका पाइपमा क्षति भएका परिवार तथा संस्थाहरूलाई राहत स्वरूप आवश्यक पाइप उपलब्ध गराउने।<br>२. चौरजहारी नगरपालिका वडा नं. ३ मा रहेको रामजानकी वृद्धाश्रममा बत्ति जडान तथा कार्यक्रम गर्दा भएको खर्च वापतको रकम भुक्तानी दिने। | |

...प्रसाद ढकाल
...कीय अधिकृत

पुष्प वादी
...प्रमुख

**मिति २०८१/०१/२७ गतेको ३२ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू**

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्ने सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) का लागि आशयपत्र पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सङ्घीय मामिला तथा सामानय प्रशासन मन्त्रालय, सिंहदरबार स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनोटसम्बन्धी आशयपत्र आह्वानको मिति २०८१ वैशाख १७ गतेको सूचनाबमोजिम उक्त कार्यक्रममा तपसिलका सर्तहरू पालना गर्ने गरी यस चौरजहारी नगरपालिकामा कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धतासहित आशयपत्र पेस गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेसी बजेटको निर्माण गर्ने, स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन र विधि (modality) अवलम्बन गर्ने र स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत् प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्नुका साथै SuTRA र लेखा परीक्षणमार्फत खर्चको लेखाजोखा गर्ने ।

(ख) स्थानीय तह वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह लगानी मार्फत ग्रामीण सडक सुधार/ पुर्नस्थापना सम्बन्धी आयोजनामा २० प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मत सम्बन्धी आयोजनामा ४० प्रतिशत, विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशील र वैकल्पिक ऊर्जा सम्बन्धी आयोजनामा २० प्रतिशत सहलगानी गर्ने ।

(ग) स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार गर्ने ।

(घ) स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्ने ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'गुनासो सुनुवाइ कार्यविधि पारित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाबाट प्रवाह हुने सेवा तथा नगरपालिका अन्तर्गतको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउदै स्थानीय तहबाट प्रदान गरिने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न विधायन समितिले पेस गरेको चौरजहारी

शेर प्रसाद ढकाल पुष्प वादी

नगरपालिकाको गुनासो सुनुवाइ कार्यविधि, २०८१ पारित गरी चौरजहारी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०८१ पारित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शसेवालाई नियमित, गुणस्तरीय र प्रभावकारी बनाउन विधायन समितिबाट पेस हुन आएको चौरजहारीको मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०८१ लाई दफावार छलफल गरी पारित गरी चौरजहारी नगरपालिकाको स्थानीय राजपपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'योजना माग गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाले पूर्वाधार निर्माणका लागि अघि सारेका तर बजेट अभावका कारण कार्यान्वयन गर्न नसकिएका **अनुसूची – १** बमोजिमका योजनाहरू कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसहित सम्बन्धित मन्त्रालयहरूमा बजेट माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'स्थानीय आर्थिक विकास संवाद समिति गठन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकामा आर्थिक विकासको प्रवर्धनको लागि स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को दफा १४ बमोजिम तपसिलबमोजिमको चौरजहारी नगरपालिका स्तरीय आर्थिक विकास संवाद समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

श्री पुष्प वादी – संयोजक - नगर प्रमुख
श्री ईश्वरीकुमारी शर्मा, बि.एम्. – सदस्य - नगर उपप्रमुख
श्री श्रीकृष्ण शर्मा – सदस्य – आर्थिक विकास समिति संयोजक
श्री तेजबहादुर बटाला - सदस्य – घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्था
श्री प्रेम सुनार – सदस्य - उद्योग वाणिज्य सङ्घ चौरजहारी अध्यक्ष
श्री तिलक शर्मा - सदस्य - उत्पादनमा आधारित सहकारी मध्येबाट
श्री पूर्णबहादुर रोकाय - सदस्य - स्थानीय बैङ्कहरूमध्येबाट
श्री तेजबहादुर विष्ट – सदस्य - सबैभन्दा बढी रोजगार प्रदान गर्ने उद्यमी
श्री शेरप्रसाद ढकाल – सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र विभिन्न मितिमा वन जङ्गलमा भएको आगलागीबाट क्षतिपूर्तिका लागि यस नगरपालिकामा पेस हुन आएका खानेपानी, सिंचाइलगायत अन्य पूर्वाधारका पाइपमा क्षति भएका परिवार तथा संस्थाहरूलाई राहत स्वरूप आवश्यक पाइप विपद व्यवस्थापन कोषमा भएको रकमबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. ९**: प्रस्ताव नं. ८ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. ३ मा रहेको रामजानकी वृद्धाश्रममा बत्ति जडान तथा कार्यक्रम गर्दा भएको खर्च रु. ४४,५१३ (चवालीस हजार पाँच सय तेह्र) भुक्तानी दिने निर्णय गरियो।

**बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## अनुसूची -१

(निर्णय नं. ६ सँग सम्बन्धित)

### बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका योजनाहरूको विवरण

| क्र.स. | योजनाको नाम र ठेगाना | अनुमानित लागत |
|---|---|---|
| | **प्रशासनिक भवन** | |
| १ | चौरजहारी नगरपालिका प्रशासनिक भवन पर्खाल निर्माण | २ करोड |
| २ | ७ नं. वडा कार्यालय पर्खाल निर्माण | ४० लाख |
| ३ | ९ नं. वडा कार्यालय पर्खाल निर्माण | ४० लाख |
| | **सडक पूर्वाधार** | |
| २ | राटमाटाडाँडा लहरेसिमल मानाकोट सडक वडा नं. ५ र १० | १ करोड |
| ३ | आकाशे वडा कार्यालय सडक स्तरोन्नती वडा नं. १३ | ६० लाख |
| ४ | तिमीले लामाडाँडा सडक स्तरोन्ती वडा नं. १४ | ६० लाख |
| ५ | मेलैनाउली तिल्केझार कालिमाटी सडक स्तरोन्नती वडा नं. ४ | १ करोड |
| ६ | सानाखोला पुरानापानी सडक स्तरोन्नती वडा नं. १२ | १ करोड |
| ७ | बसपार्क चोक शीतल क्याम्पस सडक स्तरोन्ती वडा नं. २ | ६० लाख |
| ८ | खौचने विजयश्वरी सडक स्तरोन्नती वडा नं. ३ र २ | १ करोड |
| ९ | बिसाउनेचौर माझगाउँ रानागाउँ सडक वडा नं. १० | ६० लाख |
| | **विद्यालय शिक्षा** | |
| १ | जनकल्याण आधारभूत विद्यालय रातामाटा विद्यालय भवन वडा नं. १३ | ६० लाख |
| २ | जनज्योति आधारभूत विद्याल भवन निर्माण वडा नं. ६ | ६० लाख |
| ३ | जहारी क्याम्पस खोलागाउँ पर्खाल निर्माण वडा नं. ११ | ६० लाख |
| ४ | आधारभूत विद्यालय लहरेसिमल फिल्ड सुरक्षा तथा पर्खाल निर्माण | ६० लाख |
| ५ | श्री माध्यमिक विद्यालय कोटजहारी पर्खाल निर्माण वडा नं. ७ | ५० लाख |
| ६ | श्री माध्यमिक विद्यालय खहरे पर्खाल निर्माण वडा नं. ५ | ५० लाख |
| | **सिंचाइ योजनाहरू** | |
| १ | रेशमखोला लहरेसिमल सिंचाइ पोखरी तथा सिंचाइ विस्तार वडा नं. ५ | ४० लाख |
| ३ | जोगीडाँडा सिंचाइ ट्याङ्की निर्माण वडा नं. ५ | १५ लाख |
| ४ | अमलाटाकुरा आकाशे पोखरी निर्माण वडा नं. ४ | ३० लाख |
| | सेतीगार खोला ब्रमाथान सिंचाइकुलो निर्माण वडा नं. ६ | २५ लाख |
| | **खानेपानी योजनाहरू** | |
| १ | चौरजहारी नगरपालिका भित्रका लिफ्ट खानेपानीहरू मर्मत योजना | ४० लाख |

शेर प्रसाद ढकाल

पुष्प वादी

| | | |
|---|---|---|
| २ | ठूलाखोला पातल खानेपानी योजना वडा नं. ११ | २५ लाख |
| ३ | छिर्नेपानी भालुखोरे नेप्टेकाँडा वडा नं. ११ | १० लाख |
| | **फिल्ड तथा प्रतिक्षालय** | |
| १ | बाजे टोल फिल्ड तथा प्रतिक्षालय वडा नं. ११ | ३० लाख |
| २ | बडाखोला खेल मैदान वडा नं. ८ | २५ लाख |
| | **जम्मा** | ५५ लाख |
| | **पर्यटन प्रवर्धन** | |
| १ | मटेला औंलाटाकुरा पर्यटकीय स्थल निर्माण वडा नं. १३ | ६० लाख |
| २ | सहिदस्मृति गेट निर्माण वडा नं. ३ | ३० लाख |
| ३ | शंषपिपल पार्क निर्माण तथा व्यवस्थापन वडा नं. २ | १ करोड |
| ४ | सहिदस्मृति गेट निर्माण वडा नं. ११ | ३० लाख |
| ५ | तिरहार्ने ढुङ्गा पुरातात्त्विक सम्पाद संरक्षण तथा व्यवस्थापन वडा नं. ९ | ५० लाख |
| | **कृषि प्रवर्धन** | |
| १ | कृषि यान्त्रिकरण कार्यक्रम | ४० लाख |
| | **कला संस्कृति प्रवर्धन** | |
| १ | कला सङ्गीत प्रशिक्षण केन्द्र स्टुडियो निर्माण | ३० लाख |
| | तटबन्ध निर्माण | |
| १ | जहारीखोला तटबन्ध निर्माण | २ करोड |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख